# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan








वर्ष १९, अंक ०२, २०८२ मंसिर ०१-१५　　Vol. 19, No. 02, November 16-30, 2025


## बिजनेश भिसा बनाउन चालुपूँजी ३ करोड

# भिसा नीतिमा थप कडाई गर्दै जापान



❑ **नेस डेस्क**

टोकियो – जापानमा विदेशीले बिजनेश म्यानेजर भिसा बनाउन अब कम्पनीको चालु पूँजी तीन करोड येन हुनुपर्ने नयाँ नियम लागू भएको छ । उक्त नियम गत अक्टुबर १६ बाट लागू भएको हो । यसअघिसम्म चालुपूँजी न्युनतम ५० लाख येन भए हुन्थ्यो, त्यसलाई बढाएर एकैचोटी ३ करोड येन पुर्‍याईएको हो ।

यसका साथै अब बिजनेश म्यानेजर भिसा आवेदन गर्नुपरेमा कम्तिमा एक जना फुलटाइम कर्मचारी राख्नुपर्ने र 'एन टु' लेभलको जापानी भाषा जानेको हुनुपर्ने नयाँ शर्त थपिएको छ ।

केवल सानो पूँजी वा नाम मात्रको कम्पनी खोल्ने र सो बाट हुने दुरूपयोग र काल्पनिक कम्पनी स्थापना रोक्न यो सुधार गरिएको जापानी अधिकारीहरूले बताउँदै आएका छन् ।

पहिलेदेखि नै बिजनेश म्यानेजर भिसा हुनेहरूका लागि भने यो नयाँ नियम तत्काल लागू नहुने बताईएको छ । परिवर्तित नियम अनुसार अब बिजनेश भिसा बनाउनेहरूका लागि निकै चुनौती थपिएको सर्बत्र चर्चा हुन थालेको छ ।

हालसम्म सरसापटी वा »» बाँकी पृष्ठ ७ मा

# अहिलेको संविधान र नेतृत्वबाट देश बन्दैन

❑ **नेस डेस्क**

काठमाडौं – सुशीला कार्की नेतृत्वको सरकार र फागुन २१ को चुनावले निकास दिनेमा अन्तर्राष्ट्रिय कानूनका ज्ञाता भाइराजा पाण्डे विश्वस्त छैनन् । उल्टै, उनी यसलाई 'गैरकानूनी जगमा उभिएको घर' मान्छन् । सोमालिया र सुडानजस्तै नेपाल पनि राज्यविहीनताको अवस्थामा पुगेको चेतावनी दिँदै पाण्डेले अबको निकासका लागि नेपाली सेनाले एकपटक हस्तक्षेप गरेर सत्ता सक्षम नागरिक सरकारलाई सुम्पनुपर्ने र 'जेन जी'को आन्दोलन दिशाहीन बन्दै गएको तर्क गरेका छन् । विश्व रंगमञ्चमा नेपालको साख गिर्दै गएको अवस्थामा अबको निकास के हुन्छ ? यिनै विषयमा केन्द्रीत रहेर पाण्डेसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंश:-



भाइराजा पाण्डे
अन्तर्राष्ट्रिय कानूनी ज्ञाता

**तपाईले सोमालिया, सुडानजस्ता द्वन्द्वग्रस्त र असफल राष्ट्रहरूलाई नजिकबाट देख्नुभएको छ, अहिले नेपालको पछिल्लो अवस्थालाई चाहिँ कुन रूपमा हेरिरहनुभएको छ ?**

मैले सोमालियामा पोस्टिङ हुँदा त्यहाँको राज्य संयन्त्र कसरी भताभुंग भयो भनेर आफ्नै आँखाले देखेको छु । त्यहाँ सरकार हराएको थियो, प्रणाली चलेको थिएन । जब देशको सिस्टम चल्दैन, तब विदेशी शक्तिहरू आउँछन् र आ–आफ्नो स्वार्थ (एजेन्डा) लाद्न थाल्छन् । जसले गर्दा देश नै डुब्छ । अहिले नेपालको अवस्था ठ्याक्कै सोमालिया र सुडानको जस्तै बन्दै गइरहेको छ । हाम्रो देश पनि डुब्ने अवस्थामा पुगेको छ । यहाँ पनि सिस्टम चलेको छैन र विदेशी चलखेल अत्यधिक बढेको छ ।

**अहिले सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको छ, यसले फागुन २१ मा चुनाव गराउने भनेको छ, यसले निकास देला ?**

यो व्यवस्था बचाउने एउटा टालटुले उपाय मात्र हो । यसबाट देश पार लाग्दैन । सबैभन्दा मुख्य कुरा, सुशीला कार्कीको नियुक्ति र यो सरकारको गठन नै गैरकानूनी छ । वर्तमान संविधानले यसरी प्रधानमन्त्री नियुक्त गर्ने परिकल्पना नै गरेको छैन । राष्ट्रपतिलाई आफूखुसी प्रधानमन्त्री छान्ने अधिकार संविधानले दिएको छैन । क्याबिनेटको सिफारिसबिना राष्ट्रपतिले केही गर्न मिल्दैन । हिजो सर्वोच्चको प्रधानन्यायाधीश »» बाँकी पृष्ठ ७ मा







## सम्पादकीय

# जापान-चीन तनाव र यसको असर

एशियाली भूराजनीति पछिल्ला वर्षहरूमा अत्यन्त जटिल मोडमा प्रवेश गरिरहेको छ । विशेषगरी जापान र चीनबीच बढ्दो तनावले केवल दुबै देशको सम्बन्धलाई मात्र होइन, सम्पूर्ण पूर्वी एसिया र इन्डो-प्यासिफिक क्षेत्रलाई नै अस्थिर बनाउने संकेत गरेको छ । आर्थिक रूपमा गहिरो रूपमा एक-अर्कासँग जोडिए पनि राजनीतिक र सुरक्षात्मक विषयमा दुबै देश एक-अर्काबाट टाढिँदै जानु चिन्ताको विषय बनेको छ ।

जापान-चीन सम्बन्ध सदैव सरल भएको कहिल्यै मानिँदैन । दोस्रो विश्वयुद्धको इतिहास, पूर्वी चीन सागरका टापुहरू (सेन्काकु, दियाओयू) को स्वामित्व विवाद र क्षेत्रीय प्रभुत्वको प्रतिस्पर्धा यी सबैले दुबै देशबीच अविश्वासलाई झन् बलियो बनाएको छ ।

चीनले आफूलाई एशियाको प्रमुख शक्ति मान्दै आएको छ भने जापानले अमेरिकी सुरक्षा छातामुनि बसेर क्षेत्रीय सन्तुलन कायम राख्न चाहन्छ । यही भूराजनीतिक प्रतिस्पर्धा आजको तनावको मूल कारण हो ।

हालैका वर्षहरूमा चीनले दक्षिण र पूर्वी चीन सागरमा आफ्नो सैन्य उपस्थिति तीव्र रूपमा बढाएको छ । जापानी जलसिमानाको नजिक चिनियाँ कोस्ट गार्ड र सैन्य जहाजको गतिविधि नियमित जस्तै भइरहेका छन् । यसलाई जापानले आफ्नो राष्ट्रिय सुरक्षामाथिको प्रत्यक्ष चुनौतीका रूपमा लिएको छ । जापानले पनि आफ्नो आत्मरक्षा बललाई आधुनिकिकरण गर्दै रक्षा बजेट ऐतिहासिक रूपमा वृद्धि गर्न थालेको छ । यसरी दुबै देशको सैन्य तयारीले क्षेत्रीय तनावलाई थप उकासेको छ ।

जापानको सुरक्षा नीतिको मेरूदण्ड अमेरिका-जापान रक्षा गठबन्धन हो । अमेरिकी सैन्य आधारहरू जापानमा रहेको तथ्य नै चीनका लागि दीर्घकालीन चिन्ताको विषय बनेको छ । चीन, अमेरिकालाई एशियामा आफ्नो उदयका लागि ठूला अवरोधहरू मध्ये एक मान्छ । त्यसैले चीन-अमेरिका प्रतिस्पर्धा चर्किँदै गएसँगै जापान-चीनको सम्बन्ध पनि स्वाभाविक रूपमा तनावपूर्ण हुँदै गएको देखिन्छ ।

यद्यपि राजनीतिक सम्बन्ध तनावपूर्ण भए पनि दुबै देश आर्थिक रूपमा अत्यन्तै गहिरोगरी जोडिएका छन् । जापानका उद्योगहरू चीनमा ठूलो मात्रामा निर्भर छन्, कच्चा पदार्थ, उत्पादन सञ्जाल, बजार तथा लगानी सबैमा । त्यसैगरी चीनले जापानी प्रविधि र पूँजीलाई महत्वपूर्ण मान्छ । यही आर्थिक अन्तरनिर्भरता नै दुबैलाई खुला संघर्षबाट टाढा राख्ने सबैभन्दा ठूलो कारक बनेको छ । तर, भू-राजनीतिक तनाव निरन्तर बढिरहँदा आर्थिक सहकार्य पनि जोखिममा पर्ने खतरा बढेको छ ।

जापान-चीन तनावरहित सम्बन्ध केवल दुबै देशका लागि मात्र होइन, सम्पूर्ण एशियाका लागि ज्यादै महत्वपूर्ण छ । नेपालजस्ता देशहरू, जसको विदेश नीतिमा चीन र जापान दुवैसँगको साझेदारी महत्वपूर्ण स्थानमा छ, यस तनावले कूटनीतिक सन्तुलन कसरी राख्ने भन्ने प्रश्न उठाएको छ । नेपालले दुवै देशसँग द्विपक्षीय सम्बन्ध मजबुत राख्न चाहे पनि एशियाली शक्ति सन्तुलन बिग्रिँदै जानुले दीर्घकालीन रणनीतिक चुनौती ल्याउन सक्छ ।


एशियाको स्थिरता, आर्थिक विकास र सुरक्षा वातावरणका लागि जापान-चीन बीचको संवाद अपरिहार्य छ । सैन्य प्रदर्शन वा शक्ति प्रदर्शनले कुनै पनि देशलाई वास्तविक समाधान दिन सक्दैन । अन्ततः परस्पर सम्मान, कूटनीतिक संवाद र क्षेत्रीय सहयोग नै यो तनाव कम गर्ने दिगो उपाय हुन् । यदि यो प्रतिस्पर्धा खुला संघर्षमा रूपान्तरण भयो भने, त्यसको असर सम्पूर्ण एशिया मात्र होइन, विश्व-अर्थतन्त्रमै गहिरो रूपमा पर्न जान्छ । जापान-चीनबीचको संवेदनशील भूराजनीतिक अवस्था र सुरक्षा चुनौतीलाई लिएर चिसिएको पछिल्लो सम्बन्ध सौहाद्रपूर्ण कूटनीतिक पहलबाट छिट्टै सुमधुर हुने अपेक्षा छ ।




# कम्युनिष्ट एकतापछिको राजनीति

## विचार

✍ प्रेमलकुमार खनाल



नेपालको वाम आन्दोलनमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत १० वटा वामपन्थी एवम् समाजवादी दलहरू मिलेका छन् । परिणामतः कात्तिक १९ गते नयाँ पार्टी नेपाली कम्युनिस्ट पार्टी घोषणा भएको छ । पुष्पलालले २००६ सालमा एउटा मात्र नेपाल कम्युनिस्ट पार्टी गठन गरेर मुलुकमा समाजवादी व्यवस्था स्थापना गर्ने उद्घोष गरेका थिए । तर २० को दशकदेखि सुरूआत भएको गठन, पुनर्गठन, विद्रोह र विभाजनले वाम आन्दोलन टुक्राटुक्रामा विभाजित भयो । वामपन्थीहरू एकताबद्ध हुँदा संसदमा झण्डै दुईतिहाइको संख्यामा विजयी भएको इतिहास पनि छ ।

तर विभाजित हुँदा फेरि उदारवादी पुँजीवादी शक्तिहरूले नै वामपन्थीहरूलाई पछाडि पार्ने काम गरे । मुलुकमा २०६२, ०६३ मा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भएर गणतन्त्र संवैधानिक हिसाबले पनि संस्थागत भएको र अब मुलुकमा समाजवादी समाज स्थापना गरेर अगाडि बढ्न समाजवादी क्रान्ति गर्नुपर्ने युगीन अभिभारा छ । यस्तो अवस्थामा अब वामपन्थीहरू झन् एकताबद्ध हुँदै अगाडि बढेर मात्रै मुलुकमा समाजवादी क्रान्ति गर्न सम्भव हुन्छ भन्ने बोधका साथ नयाँ काम भएको छ । जुन २०८२ कात्तिक १९ गते नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीलगायतका १० वटा वामपन्थी तथा समाजवादी दलहरूबीच एकता र एकीकरण भएको हो ।

१० वटा राजनीतिक दलको एकता र एकीकरणलाई लिएर राष्ट्रिय र अन्तर्राष्ट्रिय हिसाबले पनि अत्यन्तै महत्वका साथ हेरिएको छ । मुलुकको भूराजनीतिक जटिलता, समाजवादी क्रान्ति गर्नुपर्ने अपरिहार्यताका बीचमा भएको यो एकता र एकीकरण ऐतिहासिक महत्वको छ । अब एकता र एकीकरणको अभियानको लहर सुरूआत भएको छ । यो एकता र एकीकरणमा पुनः कात्तिक २६ गते वामपन्थी नेता भीम रावलले नेतृत्व गरेको मातृभूमि जागरण अभियान र नेकपा (श्रमजीवी) समेत एकतामा सामेल भएको छ । यस्तै, अशोक राईले नेतृत्व गरेको जनता समाजवादी पार्टीको सिंगो टिम नै छिट्टै नै एकीकरण अभियानमा सामेल हुने विषय सार्वजनिक भएको छ । यस्तै, एमालेलगायत अन्य वामपन्थी एव समाजवादी विचारमा आबद्ध व्यक्तिहरू पनि धमाधम एकीकरणमा सामेल हुने परिस्थितिको विकास भएको छ । यसरी छोटो अवधिमै नेपाली कम्युनिस्ट पार्टी मुलुकको वाम आन्दोलनमा एउटा महत्वपूर्ण आकर्षणको केन्द्र बन्न सक्ने प्रचुर सम्भावना छ । तर भिन्नभिन्न विचार, कार्यशैली जीवनशैली, संगठन संरचना, नेतृत्वमा रहेका शक्तिहरूबीचको एकतालाई व्यवस्थापन गरेर सहज अवस्थाबाट पार्टीलाई अगाडि बढाउने कार्य निकै नै चुनौतीपूर्ण रहेको छ । यस्तो अवस्थामा नेपाली कम्युनिस्ट पार्टीले यतिबेला बृहत्तर वामपन्थी एकताका लागि फराकिलो सोचका साथ एकतामा सामेल भएका छन् ।

जुन घटकहरूबाट बाहिरिएका नेता तथा कार्यकर्तालाई एकीकरण अभियानमा सामेल गराउन हदैसम्म लचिलो नीति अवलम्बन गर्नुपर्छ । यसक्रममा नयाँ पार्टीले अवलम्बन गरेको नीति र नेतृत्वमा समस्या हो भने तदनुरूप नै परिमार्जन गरेर एकता अभियानमा सामेल गराउने नीति अवलम्बन गर्नुपर्छ । अब सिद्धान्त, विचार, संगठन, कार्यशैली, जीवनशैलीमा रूपान्तरण गरेर पार्टीलाई साँच्चिकै नेपालको वाम आन्दोलनको मूल प्रवाहको रूपमा अगाडि बढाउन सकिने सम्भावना छ । तसर्थ अब यस नयाँ पार्टीले नेपाल र नेपाली जनताको सर्वोपरी हित, राष्ट्रिय सार्वभौमिकता, एकता, स्वाधीनता, अखण्डता, स्वाभिमान तथा आत्मनिर्णयको अधिकारलाई अक्षुण्ण राख्नुपर्छ । यस्तै, बाह्य हस्तक्षेप र दबाबबाट मुक्त राजनीति, राष्ट्रिय अर्थतन्त्र एवं सँस्कृतिको मार्गमा अग्रसर रहने गरी भूमिका निर्वाह गर्नुपर्छ ।

यस क्रममा विगतका असमान जलविद्युत् सम्झौताहरू र नेपालको हितविपरीतका असमान सन्धिको नेपालको हित अनुरूप संशोधन गर्ने बारेमा अग्रसर हुनुपर्छ । लचिलो नागरिकतासम्बन्धी कानूनका कारण गैरनेपालीले भटाभट अंगीकृत र वंशजको नेपाली नागरिकता लिएर जनसंख्या अतिक्रमण भइरहेको सन्दर्भमा विश्लेषण गरी अघि बढ्नुपर्छ । नेपाललाई 'प्ले ग्राउन्ड' बनाएर छिमेकी देश चीनका विरूद्ध गतिविधि बढिरहेको सन्दर्भमा सीमा अतिक्रमण नियन्त्रण, सीमा सुरक्षामा कडाइ गर्नेबारे पनि विशेष काम गर्नुपर्ने देखिन्छ । असंलग्न परराष्ट्र नीतिका आधारमा छिमेकी देशहरूसँग सन्तुलित सम्बन्ध कायम गर्ने तथा नेपालको आर्थिक विकासमा विकास परियोजना सञ्चालन नेपाल सरकारबाट गर्ने काम हुनुपर्छ । दातृसंस्थाको सबै सहयोग नेपाल सरकारमा प्राप्त हुने व्यवस्था गर्न पार्टीले भूमिका निर्वाह गर्नुपर्छ । पार्टीले मार्क्सवाद लेनिनवादका सार्वभौम सच्चाइहरूप्रति दृढ रहँदै तिनलाई नेपालको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढंगले लागू गर्न समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिबद्ध हुनुपर्छ । र, वैज्ञानिक समाजवाद स्थापनाको महान् लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्न आवश्यक छ । यसका साथै वर्तमान संविधानको रक्षा गर्दै शासकीय स्वरूप र निर्वाचन प्रणाली, संघीयताको सबलीकरण तथा स्थानीय तह र जनप्रतिनिधिको संख्या घटाउनेलगायतका विषयमा अग्रगामी परिमार्जन गर्न एजेन्डा अगाडि सार्न आवश्यक छ ।

मुलुकमा सुशासन कायम गर्न भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शिता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्नुपर्छ । विगतमा राज्यसत्तामा रहेर अकुत धन, सम्पत्ति कमाउनेहरूको सम्पत्ति छानबिन गर्नु अत्यावश्यक छ । तिनलाई कडा कारबाही गर्न उच्चस्तरीय अधिकार सम्पन्न सम्पत्ति छानबिन आयोग गठन गर्नुपर्छ । समाजमा विद्यमान गरिबी, बेरोजगारी, आय असमानतालाई अन्त्य गरेर स्वतन्त्र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने देखिन्छ । साथै, रोजगारी सिर्जना गर्न र गरिबीको अन्त्य गर्न विशेष पहल गर्नुपर्छ । जनताको जनजीविका, सार्वजनिक सेवा र जनतालाई राहत गर्न वार्षिक ८-१० लाखलाई रोजगारी दिनेगरी तरलता र राष्ट्रिय कोषहरूको परिचालन गर्नुपर्ने देखिन्छ ।

यसरी एक बृहत् राष्ट्रिय रोजगारी कोष खडा गरी गरिब र बेरोजगारलाई सीप विकास तालिम, सुलभ पुँजी अनुदान, मूल्य र बजारको सुनिश्चितता आदि गर्नेगरी रोजगारी वृद्धिको राष्ट्रिय कार्ययोजना अगाडि सार्नुपर्छ । न्यून आय भएका जनता, श्रमिकलाई राहत प्रदान गर्न रासन कार्ड वितरण गर्न ७ सय ५३ वटै पालिकामा सुपथ मूल्यका पसल स्थापना गर्नुपर्छ । रासन कार्डका आधारमा बिक्रीवितरण गर्नुपर्छ । किसानलाई बजार र मूल्यको ग्यारेन्टी गर्न कृषि उपज खरिद-बिक्री केन्द्र स्थापना गर्नुपर्छ । स्थानीय पालिकाहरूको सेयर स्वामित्व रहनेगरी लगानी गरेर कृषि सामग्री, खाद्यव्यापार, दुग्ध विकास, साझा यातायात, औषधि लिमिटेडको पुनर्संरचना गरेर ७ सय ५३ वटै पालिकामा सेवा पुऱ्याउनुपर्ने देखिन्छ ।

विगतका कामको समग्र समीक्षा गरेर भएका कमी, कमजोरीहरू सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रूपान्तरण गर्दै अघि बढ्न आवश्यक छ । पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवं हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागू गर्नुपर्छ । यस्तै, पार्टीका सबै नेता तथा कार्यकर्ता उत्पादन र श्रम कार्यमा संलग्न हुने, कम्युनिस्ट आचरण, अनुशासन र नैतिकताको कडाइका साथ पालना गर्ने अनि सादा एवं सरल जीवनशैलीमा हुनुपर्छ । पारदर्शिता पार्टीले कार्यशैलीको रूपमा अवलम्बन गर्नुपर्छ । पार्टीलाई मार्क्सवादीकरण र क्रान्तिकारीकरण गर्न वैचारिक कामलाई घनीभूत रूपमा सञ्चालन गर्नुपर्छ । पार्टीको नीतिगत विषयका निर्णय कमिटी सदस्यहरूको छलफल, संवाद र सहमतिमा गर्ने नीति अवलम्बन गर्नुपर्छ । यसका लागि हरेक महिनामा भर्च्युअल बैठक, हरेक ५, ६ महिनामा भौतिक बैठक गरेर जनवादी अभ्यासका साथ पार्टी सञ्चालन गर्नुपर्छ । पार्टीका बैठकहरूमा काम र गतिविधिको रिपोर्टिङ र समीक्षाको विषय बनाएर कमिटीहरूलाई चलायमान बनाउनु पर्छ । पार्टी सदस्यहरूको सार्वभौम अधिकार सुनिश्चित गर्न निर्वाचनका लागि उम्मेदवार छनोट गर्न सम्बन्धित निर्वाचन क्षेत्र र जिल्लाका पार्टी सदस्यहरूलाई अधिकार प्रदान गर्नुपर्छ । लगातार दुई पटक सांसद र मन्त्री, मेयर भएकालाई लगत्तैको निर्वाचनमा उम्मेदवार नबनाउने नीति अवलम्बन गर्नुपर्दछ । पार्टी कार्यकर्ताहरू उत्पादन र रोजगारीमा जोडिने गरी सहकारीमूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । पार्टीमा दुई-तीन पालिकाको जिम्मेवारी दिनेगरी राजनीतिक कमिसार उत्पादन गरेर पूर्णकालीन रूपमा परिचालन गर्नुपर्छ । राजनीतिक कमिसारले स्थानीय तहमा मार्क्सवादी कक्षा सञ्चालन, संगठन निर्माण, उत्पादनमा आधारित सहकारी सञ्चालन गर्नुपर्छ । स्थानीय शोषण, भेदभाव, विभेद र जनसरोकारका विषयमा स्थानीय स्तरमा वर्गसंघर्ष सञ्चालन आवश्यक छ । श्रमदान शिविर सञ्चालन गरेर पार्टीलाई जनव्यापी हुँदै राष्ट्रव्यापी रूपमा मूलधारको रूपमा स्थापित गर्नुपर्छ ।

जनसरोकारका विषयमा जनसंगठनलाई परिचालन गरेर राष्ट्रव्यापी संघर्ष गरेर वर्गसंघर्ष सञ्चालन गर्ने हुनुपर्छ । संसद्लाई क्रान्तिकारी संसद्को रूपमा पूर्ण उपयोग गर्ने र पार्टीले अवलम्बन गरेको नीति तथा कार्यक्रम सरकारमार्फत लागू गर्नुपर्छ । यसपछि मात्र सरकारमा जाने अन्यथा प्रतिपक्षमा रहेर संघर्ष आन्दोलन सञ्चालन गर्ने नीति अवलम्बन गर्नुपर्छ । आम निर्वाचन संघारमा आएको सन्दर्भमा पार्टी एकताको समायोजनको कामलाई यथाशीघ्र सम्पन्न गर्नुपर्छ । राष्ट्रव्यापी रूपमा निर्वाचनको प्रचारप्रसारको कार्यलाई तीव्रता प्रदान गर्नुपर्छ । यसरी, निर्वाचनमा जाँदा हिजोका गल्ती कमी, कमजोरीलाई सच्याएर अग्रगामी एजेन्डा लिएर जनतालाई आश्वस्त बनाउने गरी योजना बनाउनुपर्छ । निर्वाचनमा जान अगाडि पार्टीको नयाँ नीति, नयाँ नेतृत्व निर्माण गर्न महाधिवेशन पनि शीघ्र आयोजना गर्नुपर्छ । महाधिवेशनमा देशभरका हजारौं कार्यकर्ता सहभागी हुने ठूलो राष्ट्रिय फोरम हुन्छ । जसले निर्वाचन परिचालनको एकीकृत नीति पनि प्रवाह हुन सक्छ । त्यसैले यसलाई पनि महत्वपूर्ण कार्यभारको रूपमा आत्मसात् गर्न जरूरी छ ।

# पत्रकार महासंघ जापानको नेतृत्वमा श्रेष्ठ, सचिवमा लामिछाने



❑ नेस संवाददाता

टोकियो – नेपाल पत्रकार महासंघ जापानको अध्यक्षमा रबिन्द्र श्रेष्ठ 'गोर्खाली' निर्वाचित भएका छन् । जापानको टोकियोमा आइतबार सम्पन्न महासंघ जापान शाखाको छैठौं अधिवेशनबाट आगामी ३ वर्ष कार्यकालका लागि नेपाल सन्देश डट कमका प्रधानसम्पादक श्रेष्ठ अध्यक्षमा विजयी भएका हुन् ।

जम्मा ८६ जना सदस्य रहेको शाखाको मतदानमा ७७ मत खसेको थियो । जसमध्ये अध्यक्षमा श्रेष्ठ ४४ मतसहित निर्वाचित भएका हुन् ।

उनका प्रतिस्पर्धी राजन गौतमले भने ३२ मत प्राप्त गरे । श्रेष्ठ अघिल्लो कार्यसमितिको उपाध्यक्ष र गौतम सचिव हुन् । यसैगरी खुला उपाध्यक्षमा मनिषा चम्लागाईँ निर्वाचित भएकी छिन् । उनले प्रतिस्पर्धी गोकर्ण अधिकारीलाई २ मतले पराजित गरिन् । चौलागाईले ३० मत पाउँदा अधिकारीले २८ मत पाएका थिए भने उपाध्यक्षकै अर्का प्रतिस्पर्धी विनोद सापकोटाले १९ मत पाएका थिए ।

यस्तै महिला उपाध्यक्षमा लक्ष्मी पौडेल विजयी भएकी छन् भने सचिवमा अर्जुन लामिछाने विजयी भएका छन् । महिला उपाध्यक्षमा पौडेलले ४५ मत पाउँदा सजिना मोक्तानले ३२ मत पाएकी थिइन् । यस्तै सचिवमा अर्जुन लामिछानेले ४५ मत पाए भने विश्वाश आचार्यले ३२ मत पाएका थिए । अन्य पदहरूमा भने सर्वसम्मत भएको थियो ।

नयाँ कार्यसमितिको सहसचिवमा बिष्णुप्रसाद सापकोटा र फुर्वा शेर्पा, कोषाध्यक्षमा भुलबहादुर राना निशान यसैगरी सदस्यहरूमा दिनेश थापा, दुर्गाप्रसाद आचार्य, भवानी भट्ट, भुवन भण्डारी, रामचन्द्र गिरी, विनोद ढकाल सर्वसम्मत चयन भएका छन् । निर्वाचन समितिका संयोजक खगराज गौतमले निर्वाचनको मत परिणाम घोषणा गरेका थिए ।

# एभरेष्ट स्कुल आराकावामा नि:शुल्क भर्ना खुल्यो

❑ नेस संवाददाता

टोकियो – एभरेष्ट इन्टरनेशनल स्कुल आराकावाले नि:शुल्क विद्यार्थी भर्ना तथा अध्ययनको व्यवस्था गरेको छ । नेपाल सरकार र जापान सरकारबाट मान्यता प्राप्त यस स्कुलमा पढाई नेपाली भाषामै सञ्चालन हुँदै आएको छ, जसले जापानमा बसोबास गर्ने नेपाली बालबालिकालाई मातृभाषामा सहज सिकाइ सुनिश्चित गर्छ ।

स्कुलले नोवेम्बरदेखि जापान सरकारबाट पूर्णरूपमा सहुलियत प्राप्त गरिरहेको छ । विद्यार्थीहरूको सुविधाका लागि स्कुलले दुईवटा बस रूट सञ्चालन गरिरहेको छ । जसअनुसार पहिलो रूटमा ओकुबो, ताकादानोबाबा, इकेबुकुरो, उएनो, निप्पोरी आदि रहेको छ भने दोस्रो रूटमा कोइवा, किता-सेन्जु, आयासे, गोतान्नो रहेको छ ।

स्कुल प्रशासनका अनुसार भर्ना प्रक्रिया खुला गरिएको भएता पनि सिट संख्या भने सीमित भएकाले




अभिभावकले यथाशीघ्र सम्पर्क गर्न भनिएको छ । एभरेष्ट इन्टरनेशनल स्कुल आराकावाले जापानमा रहेका नेपाली समुदायका विद्यार्थीलाई गुणस्तरीय र पहुँचयोग्य शिक्षा प्रदान गर्ने लक्ष्यका साथ सेवा विस्तार गरिरहेको छ । आराकावा क्याम्पसमा हाल कक्षा नर्सरी देखी कक्षा ५ सम्मको पढाई भईरहेको छ भने अर्को बर्षदेखि ६ कक्षासम्म पढाई हुने स्कुल प्रशासनले जनाएको छ ।

# जापानका प्रमुख तीन सहरमा नयाँ वर्ष सांगीतिक शृङ्खला हुने

❑ नेस संवाददाता

टोकियो – आगामी नयाँ वर्षमा जापानको मुख्य तीन सहरमा गलकोट समाज जापानको 'सांगीतिक शृङ्खला' हुने भएको छ । 'समृद्ध राष्ट्र निर्माणका लागि जीवनोपयोगी शिक्षा, स्वास्थ्य र खेलकुदमा लगानी' भन्ने पवित्र उदेश्य सहित गल्कोट समाज जापानको साँस्कृतिक अभियानको रूपमा उक्त कार्यक्रम हुन लागेको हो ।

नयाँ वर्ष २०२६ को स्वागतसँगै जापानमा रहेका नेपाली समुदायका लागि उत्साह र उमंग लिएर गल्कोट समाज जापानले जापानका तीन प्रमुख सहर ओसाका, नागोया र टोकियोमा भव्य 'सांगीतिक शृङ्खला' आयोजना हुने भएको हो । समाजले आफ्नो २० वर्षे सामाजिक यात्रामा बनाएको विश्वास, एकता र समुदायप्रति समर्पणलाई अझ मजबुत बनाउन यस वर्षको कार्यक्रमलाई विशेष महत्व दिएको छ ।

सन् २००६ मा स्थापना भएको जापानलाई कर्मस्थान बनाएका गलकोटेहरूको गौरवशाली यस संस्थाले स्थापना कालदेखि नै विशेष कार्यक्रमहरू गर्दै आईरहेको छ । अंग्रेजी नयाँ वर्ष २०२५ र २०२६ को सांगीतिक कार्यक्रममा 'समृद्ध राष्ट्र निर्माणका लागि जीवनोपयोगी शिक्षा, स्वास्थ्य र खेलकुदमा लगानी' भन्ने मूल मन्त्रलाई आधार बनाएर २०२५ डिसेम्बर ३१ मा ओसाका, २०२६ जनवरी १ मा नागोया र जनवरी २ मा टोकियोमा सांगीतिक कार्यक्रम गर्ने समाजका अध्यक्ष रत्नसिंह बस्नेतले जानकारी दिए । आगामी सांगीतिक शृङ्खला–२०२६ लाई अझ भव्य र आकर्षक बनाउन समाजले नेपालका ख्यातिप्राप्त कलाकारहरू तथा जापानमा रहेका स्थानीय प्रतिभाहरू सहितको सशक्त प्रस्तुति तय गरेको महासचिव दिलीप कँडेलले जानकारी दिए । कार्यक्रमको तयारीलाई प्रभावकारी बनाउन विस्तृत कार्यविभाजन गरिएको प्रवक्ता सन्तोष पुनले जानकारी दिए । जसमा मुख्य संयोजकमा दिलबहादुर थापा (रामु), उप-संयोजक डिला गैरे, सांस्कृतिक संयोजक लोकेश खत्री, आर्थिक संयोजक महेन्द्र साहानी, प्रचार-प्रसार संयोजक दिलीप कँडेल, साथै क्षेत्रीय संयोजकका रूपमा टोकियोमा लक्ष्मण कार्की, नागोयामा राम थापा (काजी) र ओसाकामा नारायण थापा रहेको प्रवक्ता पुनले बताए ।

# फिर्ता भएका राजदूतहरू के गर्दैछन् ?

❑ नेस संवाददाता

टोकियो – नेपाल सरकारले हालै ११ देशका नेपाली राजदूत फिर्ता बोलाउने निर्णय गरेसंगै यसको चौतर्फी आलोचना भयो । जेन्जी विद्रोहको जगमा बनेको चुनावी प्रयोजनका लागि गठित अल्पायुको सरकारले राजदूत फिर्ता बोलाउने काम उसको प्राथमिकतामा कसरी पर्न गयो, यो उसैले जानोस् । तथापि यो जस्तो आलोकाँचो काम सुशिला कार्की सरकारबाट अपेक्षा गरिएको थिएन । पहिलो गासमै ढुंगा भनिएझैं गैरदलीय सरकारको पर्फमेन्स चित्तबुझ्दो भएन ।

राजदूत फिर्ता गर्ने सरकारको निर्णयलाई सर्बोच्च अदालतले उल्ट्याईदिएपछि हिस्स बूढी भएको सरकारले फेरि अर्को जालो फ्याँक्दै ती राजदूतहरूलाई परराष्ट्रमा हाँजिर हुन उर्दी जारी गऱ्यो । जसअनुसार स्वदेश फिर्ता भएका ११ देशका राजदूतहरूमध्ये बेलायतबाट फर्केका राजदूत घिमिरेले नैतिकताको आधारमा भन्दै राजीनामा दिईसकेका छन् भने बाँकी १० जना राजदूतहरू परराष्ट्र मन्त्रालयको एम्बेसडररूममा हाँजिर मात्रै गरेर जागीर पकाईरहेका छन् । यो स्थिति किन र कसरी आयो अनि उनीहरू किन जागीर पकाउनमा लिप्त छन् भन्ने विषयमा विभिन्न लख काट्ने गरेको पाईन्छ । फिर्ता भएका राजदूतहरूलाई जेन्जी सरकारले राज्यको ढिकुटीबाट खर्च भरिरहेको छ । परराष्ट्र स्रोतका अनुसार राजदूतहरूको तलव मासिक ५ लाखदेखि देश हेरिकन ८ लाख रूपैयासम्म हुन्छ । जसमध्ये जापानको राजदूतका लागि सबैभन्दा महङ्गो तलब स्केल रहेको छ । उनीहरू फिर्ता भएपछि सम्बन्धित देशहरूमा कार्यरत कार्यवाहक राजदूतलाई थप ४० प्रतिशत व्ययभार अर्कोतर्फ थपिएको छ भने यता नेपालमै बसेर हाँजिर मात्रै गर्दै सम्बन्धित देशमा राजदूत हुँदा बखतकै तलव सुविधा दिएर वर्तमान सरकारले राज्यलाई ठूलो आर्थिकभार बोकाएको भन्दै सर्बत्र आलोचना भईरहेको छ ।

Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा
DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

GMT International
DOCUMENT TRANSLATE गर्नुपर्ने छ ?
CALL NOW!
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

VISA! VISA !! VISA!!!
इमिग्रेशन र भिसासम्बन्धी काममा समस्या परिरहेको छ भने हामी तपाईलाई साथ दिन्छौँ । जापानमा विदेशीहरुले काम गर्न वा जीवन यापन गर्नका लागि विधिसम्मत प्रक्रिया पूरा गर्नु आवाश्यक हुन्छ । यसका लागि वर्षौंको अनुभवले खारिएका विषयगत विज्ञहरुबाट सेवा प्राप्त गर्ने अवसर उपब्ध छ । तपाइले जहाँ बोलाउनुहुन्छ, त्यहीं उपस्थित हुनेछौँ ।
✓ वर्किङ भिसा
✓ अन्तर्राष्ट्रिय वैवाहिक भिसा
✓ एइजुकेन (स्थायी आवास)
✓ कम्पनी दर्ता (बिजनेश भिसा)
✓ नेपालबाट डिपेन्डेन्ट (आश्रित)
✓ जापानी पासपोर्ट (खिका)
Scan to Visit Our Website
AIKYO IMMIGRATION LAWYER OFFICE
あいきょう行政書士事務所
Higashi Funabashi 4-30-8 (207) Funabashi-Shi
Chiba-Ken, 273-0002 Japan
Tel: 047-409-8028
Fax: 047-409-2078
Mobile: 070-3977-8316(Viber)
Messanger : m.me/koichiaikyo
Email : support@aikyo-gyosei.jp/
Web: https://visa.aikyo-gyosei.jp/

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education
Cambridge International School
YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरु
१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरु द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको नि:शुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरुका विश्वविद्यालय भर्नाका लागि नि:शुल्क परामर्श सेवा
६. असल संस्कारयुक्त उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग
Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

# देउवा फेरि सक्रिय राजनीतिमा



❑ नेस संवाददाता

काठमाडौं – नेपाली कांग्रेसले आसन्न राष्ट्रिय सभा र प्रतिनिधिसभा निर्वाचनका लागि दल दर्ता गराउँदा सभापति शेरबहादुर देउवाकै नाम र हस्ताक्षर प्रयोग गरेको छ । गत असोज २८ गते उपसभापति पूर्णबहादुर खड्कालाई 'कार्यवाहक सभापति' को जिम्मेवारी सुम्पेर सक्रिय राजनीतिबाट विश्राम लिने संकेत दिएका देउवा निर्वाचन आयोगको आधिकारिक विवरणमा भने पुनः मुख्य भूमिकामा देखिएका छन् । माघ ११ को राष्ट्रिय सभा र फागुन २१ को प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि शनिबार बसेको केन्द्रीय कार्यसमितिको निर्णयअनुसार नै आयोगमा देउवाको नाम, पद र हस्ताक्षर बुझाइएको हो । यस कदमले देउवा आसन्न निर्वाचनको टिकट वितरणमा आफैं निर्णायक बन्न चाहेको र 'पावर सेन्टर' आफूबाट बाहिर जान नदिने रणनीतिमा रहेको प्रष्ट सन्देश दिएको छ । यसबीचमा कार्यवाहक सभापति खड्काको नेतृत्वमाथि प्रश्न उठिरहँदा र पार्टी महाधिवेशनको टुंगो नलाग्दा कांग्रेसभित्रको विवाद पेचिलो बनेको छ । नेता कृष्णप्रसाद सिटौलाले भने सभापति भएका नाताले टिकट वितरण र निर्वाचनका गतिविधिमा देउवाको सक्रियतालाई स्वाभाविक मान्नुपर्ने तर्क गरेका छन् ।

उता, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहितको विशेष महाधिवेशन पक्षधर समूह भने देउवाको यो सक्रियताबाट सशंकित बनेको छ । निर्वाचनअगाडि नै नेतृत्व र नीति परिवर्तनको माग गरिरहेको यो समूहले २९ असोजमा दर्ता गराएको विशेष महाधिवेशनको निवेदन फिर्ता लिनुपर्ने संस्थापन पक्षको सर्त अस्वीकार गरेको छ । नेता गुरूराज घिमिरेका अनुसार पुरानै नेतृत्व र देउवाकै हस्ताक्षर भएको टिकट लिएर चुनावमा जाँदा पार्टीलाई क्षति पुग्ने भन्दै इतर पक्षले विरोध जनाएको छ ।

# यो पाली जहाँ बसाइँ, त्यहीं भोट

❑ नेस संवाददाता

काठमाडौं – रोजगारी, अध्ययन वा व्यवसायका सिलसिलामा आफ्नो स्थायी ठेगानाभन्दा बाहिर रहेका लाखौं नेपाली नागरिकले अब आफू बसोबास गरिरहेकै स्थानबाट मतदान गर्न पाउने सम्भावना बढेको छ । स्वदेशमै रहेर पनि भौगोलिक दूरी र खर्चको कारण देखाइ मताधिकार प्रयोगबाट वञ्चित हुँदै आएको ठूलो तप्कालाई समेट्ने गरी निर्वाचन आयोग र सरकारी निकायहरूले तयारी थालेका हुन् ।

प्रधानमन्त्री कार्यालयले विदेशमा रहेका नेपाली तथा देश भित्रै पनि अर्को निर्वाचन क्षेत्रमा बसोबास गरिरहेका नागरिकलाई मतदानको व्यवस्था मिलाउने उपायबारे अध्ययन गर्न सरकारी 'थिंकट्याङ्क' नीति अनुसन्धान प्रतिष्ठानलाई निर्देशन दिएको थियो । सोही निर्देशन बमोजिम गरिएको प्रारम्भिक अध्ययनले समानुपातिक प्रणालीतर्फ मतदान गराउन सहज भए पनि प्रत्यक्षतर्फ भने अझै केही प्राविधिक र व्यवस्थापकीय चुनौतीहरू देखाएको छ ।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्राध्यापक लेखराज शर्माले संविधानले नै मिश्रित निर्वाचन प्रणालीको परिकल्पना गरेकाले दुवैतर्फ (प्रत्यक्ष र समानुपातिक) भोट हाल्ने व्यवस्था मिलाउनुपर्ने सुझाव संविधानविद्हरूबाट आएको बताए । शर्माले भने, ' हामी कुन जिल्लामा कुन-कुन ठाउँका कति मतदाता बसोबास गर्छन् भन्ने यकिन तथ्यंक निकाल्ने प्रयासमा छौं । त्यो संख्या आएपछि मात्रै यसको व्यवस्थापनबारे थप स्पष्ट हुन सकिन्छ ।' केन्द्रीय तथ्याङ्क विभागको पछिल्लो विवरणले देशको १८ वर्षमाथिका कुल जनसंख्याको ३८ दशमलव ६ प्रतिशत अर्थात् ७४ लाख ५६ हजार नागरिक आफ्नो स्थानीय तह वा जिल्लाबाहिर बसोबास गर्ने गरेको देखाएको छ । एक करोड ९२ लाख मतदाता उमेरका जनसंख्यामध्ये २८ लाख (१४ दशमलव ७ प्रतिशत) अर्को स्थानीय तहमा र ४६ लाख (२३ दशमलव ९ प्रतिशत) आफ्नो जिल्ला नै छोडेर बाहिर बसेका छन् । यो ठूलो जनसंख्या हरेक निर्वाचनमा मतदान प्रक्रियाबाट छुट्दै आएको छ ।

## ३८ नयाँ शक्ति मैदानमा,

# चुनाव नजिकिँदा दल खोल्ने होडबाजी

❑ नेस संवाददाता

काठमाडौं – 'जेनजी आन्दोलन' को रापताप सेलाउन नपाउँदै मुलुकमा राजनीतिक दल खोल्ने लहर चलेको छ । पुराना दलहरूप्रति बढेको वितृष्णा र आन्दोलनले सिर्जना गरेको राजनीतिक 'स्पेस' उपयोग गर्न फागुन २१ को प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै ३८ नयाँ दलहरू मैदानमा उत्रिएका छन् ।

निर्वाचन आयोगका अनुसार साउन २७ यता निवेदन परेका ३८ दलमध्ये १० वटा दर्ता भइसकेका छन् भने २८ वटा दर्ता प्रक्रियामा छन् । मंसिर १० गतेभित्र दल दर्ता गरिसक्नुपर्ने संवैधानिक बाध्यताका कारण आयोगमा यतिखेर भ्याइनभ्याइ छ । दर्ता भएका नयाँ दलहरूमा जेनेरेसन-जी (युवा पुस्ता) को अनुहार देखाएर पूर्वप्रशासक, कलाकार, व्यापारी र पूर्वसुरक्षाकर्मीहरू नेतृत्वमा आएका छन् । 'उज्यालो नेपाल पार्टी' (संरक्षक, कुलमान घिसिङ), 'नागरिक उन्मुक्ति पार्टी नेपाल' (संरक्षक, रेशम चौधरी), हर्क साम्पाङको 'श्रम संस्कृति पार्टी' र विप्लव नेतृत्वको नेकपा लगायतका दलहरू यसपटकको आकर्षणमा छन् । तर, यो लहरलाई कतिपयले २०६४ र २०७० सालको संविधानसभा निर्वाचनताकाको 'मौसमी बाढी' सँग तुलना गरेका छन् । पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती भन्छन्, 'चुनावको मुखमा एउटै विचार र सिद्धान्त बोकेका स-साना पार्टीका पसलहरू खुल्ने क्रम बढेको छ । कतिपयले यसलाई समानुपातिक मतको व्यापार र बार्गेनिङ टुलका रूपमा प्रयोग गर्ने जोखिम देखिन्छ ।' राजनीतिक विश्लेषक चन्द्रकिशोरका अनुसार लोकतन्त्रमा दल खुल्नु आफैमा सकारात्मक भए पनि उनीहरूको चरित्र र एजेन्डा महत्वपूर्ण हुन्छ । 'पुराना दलको विकल्प दिने भन्दै खोलिएका नयाँ दलहरूको चाल, चरित्र र चेहरा पुरानै देखिए त्यसको औचित्य पुष्टि हुन गाह्रो पर्छ,' उनी भन्छन् ।

पुराना दलहरू विधि र पद्धतिमा नचल्दाको परिणाम स्वरूप नयाँ शक्तिहरूको उदय भए पनि विचार र सिद्धान्तको खडेरी देखिने गरेको पूर्वमन्त्री गणेश साहको टिप्पणी छ । उता, प्रोफेसर सन्तसत्यनारायण आलोक भने जेन-जी शक्तिहरू विभाजित भएर चुनावमा जाँदा मत बाँडिने र त्यसको फाइदा पुनः पुराना दललाई नै पुग्ने चिन्ता व्यक्त गर्छन् । भदौको आन्दोलनपछि नयाँ सरकार गठन भएसँगै बढेको राजनीतिक सरगर्मी निर्वाचन आयोगको परिसरसम्म पुगेको छ ।

# जापान सरकारद्वारा ठूलो आर्थिक प्याकेज स्वीकृत

❑ नेस संवाददाता

टोकियो – जापानी प्रधानमन्त्री सानाय ताकाइची नेतृत्वको सरकारले २१ दशमलव ३ ट्रिलियन येन (करिब १ सय ३५ अरब अमेरिकी डलर) को एउटा ठूलो आर्थिक प्याकेज स्वीकृत गरेको छ । यो कोभिड-१९ महामारीपछि सबभन्दा ठूलो आर्थिक कार्यक्रम हो । यसको मुख्य उद्देश्य भनेको मुद्रास्फीति र महङ्गाईबाट आम जनतालाई राहत जुटाउनुका साथै आर्थिक गतिविधि पुनः चलायमान गराउनु हो ।

यसैबीच जापान क्याबिनेट अफिसियलले नोवेम्बर महिनाको आर्थिक रिपोर्टमा जापानको अर्थतन्त्र सुधारोन्मुख दिशातिर अगाडि बढिरहेको दाबी गरेको छ । जसअनुसार निजी खपत तीन महिनादेखि निरन्तर बृद्धि देखिएको छ, जसले देशको आर्थिक सुधारमा सकारात्मक संकेत गरेको बताईएको छ । तथापि मुद्रास्फीति र विदेश ब्यापारका चुनौतीहरू भने अझै कायम छन् ।

यसैबीच जापान सरकारले काशिवाजाकी कारिवा न्युक्लियर पावर प्लान्टलाई पुनः सञ्चालनका लागि स्वीकृति दिएको छ । सन् २०११ को फुकुशीमा प्रकोपपछि लामो समय बन्द भएको यो प्लान्ट पुनः सञ्चालनमा ल्याउनु जापानले यसको ऊर्जा मिश्रणमा 'नाभिकीय ऊर्जा' लाई पुनः महत्वपूर्ण मान्न थालेको संकेत हो । सरकारले यो कदम ऊर्जाको महंगी घटाउन र कार्वन उत्सर्जन कम गर्नका लागि चालेको देखिन्छ । यसैबीच जापान काउन्सिल अफ मेटल वर्क्सस् युनियनले सन् २०२६ देखि मासिक आधार तलवमा कम्तिमा १२ हजार येन (करिव ७७ डलर) बृद्धि गर्न माग गरेको छ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।
Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ्ग स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017
जेरोबाट ड्राइभिङ्ग सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ्ग लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस् ।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# जापान रोजगारीका लागि अब नयाँ मापदण्ड

❑ नेस संवाददाता

काठमाडौं – जापानमा नेपाली श्रमिक पठाउने प्रक्रियामा एउटा महत्वपूर्ण परिवर्तनको संघारमा उभिएको छ । नेपाल सरकारले 'जापानमा प्राविधिक अभ्यासार्थी कामदार पठाउने निर्देशिका २०६६' खारेज गर्ने तयारी गरेको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सहसचिव तथा प्रवक्ता पिताम्बर घिमिरेको संयोजकत्वमा निर्देशिका खारेजीका लागि अध्ययन समिति गठन गरिसकेको छ । समितिको सुझावका आधारमा मन्त्रालयले निर्देशिका खारेज गरी नयाँ ढंगले अगाडि बढ्ने तयारी गरेको हो । २०६६ सालमा जारी भएको उक्त निर्देशिका जापान इन्टरनेसनल ट्रेनिङ कोअपरेसन अर्गनाइजेसन (जिट्को) मार्फत नेपाली श्रमिकलाई जापान पठाउन केन्द्रीत थियो । जिट्को अन्तर्गत सूचीकृत म्यानपावर व्यवसायीहरूले मात्र कामदार पठाउन पाउने प्रावधान थियो ।

तर, जापान सरकारले सन् २०१७ मा नै जिट्को खारेज गरी टेक्निकल इन्टर्न ट्रेनिङ प्रोग्राम (टीआईटीपी) ल्याएको थियो । अहिले जापानले टीआईटीपी पनि खारेज गरेर सन् २०२७ देखि 'इम्प्लोयमेन्ट फर स्किल डेभलपमेन्ट (ईएसडी)' कार्यक्रम लागू गर्ने तयारी गरिरहेको छ । जापानले आफ्नो प्रणाली परिवर्तन गरिसक्दा पनि नेपालमा भने अझै जिट्को अन्तर्गत टीआईटीपी मार्फत नै कामदार पठाउने व्यवस्था कायमै छ । यद्यपि वैदेशिक रोजगार व्यवसायीहरूले लामो समयदेखि उक्त प्रावधान खारेजीको माग गर्दै आएका थिए । मन्त्रालयका एक अधिकारीले भने, 'अध्ययन समिति गठन गरिएको हो, तर अन्ततः यो निर्देशिका खारेजीमै जान्छ । खारेजपछि कसरी अगाडि बढ्ने भन्ने विषयमा समितिको सुझावका आधारमा हामी अगाडि बढ्नेछौं ।'

जापानले जिट्को र टीआईटीपी दुवै खारेज गरिसकेकाले नेपालको पुरानो निर्देशिका अप्रासंगिक भइसकेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छा दोर्जे दिम्दोङका अनुसार, जिट्को लाइसेन्सको प्रावधान नै खारेज गरी सबै इजाजतपत्रवाला व्यवसायीले जापानमा कामदार पठाउन पाउनुपर्ने उनीहरूको मुख्य माग हो । पहिले ४ सय ८२ म्यानपावर कम्पनी जिट्कोमा सूचीकृत भए पनि कामदार पठाउन नपाएपछि धेरैले लाइसेन्स नवीकरण गर्न छाडेका थिए । प्रत्येक दुई वर्षमा १०० जना कामदार नपठाउने म्यानपावर कम्पनीको लाइसेन्स खारेज हुने कानूनी व्यवस्थाले पनि व्यवसायीहरूलाई समस्यामा पारेको थियो । यद्यपि, गत साउनमा 'केही नेपाल ऐन संशोधन' मार्फत उक्त प्रावधान हटाइएको थियो ।

# हिरासतमा मृत्यु भएका नेपालीको परिवारलाई साढे २ लाख डलर क्षतिपूर्ति

❑ नेस संवाददाता



टोकियो – टोकियोको उच्च अदालतले सन् २०१७ (२०७४ साल) मा प्रहरी हिरासतमा यातनाका कारण मृत्यु भएका एक नेपाली पुरूषको परिवारलाई २ लाख ५० हजार डलर क्षतिपूर्ति दिने आदेश दिएको छ । २०७४ सालमा टोकियोमा झुठा आरोपमा पक्राउ परेका ३९ वर्षीय नेपाली नागरिकको हिरासतमा मृत्यु भएको थियो । परिवारले हालेको मुद्दामा उच्च अदालतले क्षतिपूर्तिसहितको फैसला सुनाएको हो ।

प्रहरीले ती व्यक्तिलाई क्रेडिट कार्ड दुरूपयोगको आरोपमा पक्राउ गरेको थियो । टोकियो जिल्ला सार्वजनिक अभियोजकको कार्यालयमा सोधपुछका क्रममा उनी बेहोस भएका थिए र पछि अस्पतालमा उनको मृत्यु भयो । प्रहरी हिरासतमा रहँदा उनको हात र खुट्टा डोरीले बाँधिएको थियो । मृतककी पत्नीले प्रहरी र अभियोजकहरूले श्रीमानलाई गरेको व्यवहार अनुपयुक्त भएको दाबी गर्दै करिब ६ करोड येन (लगभग ३ लाख ९० हजार डलर) क्षतिपूर्तिको माग गरेकी थिइन् । सन् २०२३ मा, टोकियो जिल्ला अदालतले नियन्त्रणको विधिलाई गैरकानूनी ठहर गरेको थिएन, तर मानिसलाई उचित चिकित्सा उपचार दिन असफल भएकोमा टोकियो महानगर सरकारलाई लगभग ६ हजार डलर तिर्न आदेश दियो । दुवै पक्षले पुनरावेदन गरे ।

टोकियो उच्च अदालतमा सुनुवाइ गर्दै अध्यक्ष न्यायाधीशले चार जना प्रहरी कर्मचारीले ती व्यक्तिलाई चार पटक ह्यान्डकफ लगाएर डोरीले बाँधेको र करिब दुई घण्टासम्म अनावश्यक बल प्रयोग गरी नियन्त्रणमा लिएको बताए । जसले गर्दा उनको रक्तसञ्चारमा गम्भीर असर परेको औंल्याइन् । उनले शारीरिक नियन्त्रणले नै ती व्यक्तिको मृत्यु भएको स्वीकार गरिन् ।

# घट्दो जनसंख्या रोक्न जापानको नयाँ रणनीति

❑ नेस संवाददाता

टोकियो – जापान सरकारले देशको जनसंख्या संकट समाधान गर्न प्रधानमन्त्री सानाय ताकाइचीको नेतृत्वमा एउटा नयाँ संगठन खडा गरेको छ । यसले सम्बन्धित मन्त्रीहरूसँग आफ्नो पहिलो बैठक पनि सम्पन्न गरेको छ ।

नयाँ 'जनसंख्या रणनीति मुख्यालय' कमान्ड निकायले नीतिहरूको विस्तृत शृङ्खलालाई समन्वय गर्नेछ, जसमा घट्दो जन्मदरलाई सम्बोधन गर्न उपायहरू लागू गर्ने, बालपालनपोषणका लागि सहयोग प्रदान गर्ने र क्षेत्रीय पुनरूत्थानलाई बढावा दिने कामहरू समावेश छन् । 'हामी जनसंख्या घटाउने उपायहरू व्यापक रूपमा लागू गर्नेछौं ताकि सबैले आफूले चाहेको ठाउँमा बस्न सक्ने समाज सिर्जना गर्न सकियोस्,' ताकाइचीले भनिन् । उनकाअनुसार संगठनले घट्दो जनसंख्यालाई जित्न नगरपालिका सरकारहरूलाई सहयोग गर्ने बारे विचार गर्नेछ र साथसाथै उनीहरूको अर्थव्यवस्थालाई पुनरूत्थान गर्न काम गर्नेछ । कमान्ड निकाय अन्तर्गत बाल तथा परिवार एजेन्सी, मन्त्रिपरिषद् कार्यालय र अन्य मन्त्रालयहरू बीच ठोस उपायहरू छलफल हुने अपेक्षा गरिएको छ । यो संगठन सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टी र यसको कनिष्ठ गठबन्धन साझेदार, जापान इनोभेसन पार्टीले अक्टोबरमा आफ्नो गठबन्धन सम्झौतामा सरकारभित्र जनसंख्या गिरावट कार्यदल गठन गर्ने सहमत भएपछि स्थापित भएको हो । अक्टोबर २१ मा पदभार ग्रहण गरेपछि आफ्नो नीतिगत भाषणमा, ताकाइचीले घट्दो जनसंख्यालाई 'जापानको सबैभन्दा ठूलो समस्या' भनी वर्णन गरेकी थिइन् ।

# ताइवानद्वारा जापानी खाद्य वस्तुमा लगाइएका सबै प्रतिबन्ध खारेज

❑ नेस संवाददाता

टोकियो – ताइवानले सन् २०११ को फुकुसिमा दाइची आणविक भट्टी दुर्घटनापछि जापानी खाद्य सामग्रीको आयातमा लगाएका बाँकी सबै प्रतिबन्धहरू हटाएको छ । ताइवानको स्वास्थ्य मन्त्रालयले विज्ञप्ति जारी गर्दै जापानी खाद्य उत्पादनहरूमाथिको आयात नियमन खारेज गर्ने घोषणा गरेको हो ।

मन्त्रालयका अनुसार यो निर्णय तत्काल प्रभावकारी रूपमा कार्यान्वयनमा आउनेछ । यसअघि फुकुसिमा, इबाराकी, तोचिगी, गुन्मा र चिबा प्रिफेक्चर (प्रान्त) बाट आयात हुने खाद्य पदार्थका लागि रेडियोधर्मी पदार्थको परीक्षण रिपोर्ट अनिवार्य गरिएको थियो । तर, नयाँ निर्णयसँगै अब यस्तो रिपोर्ट पेस गर्नुपर्ने छैन । साथै, अबदेखि कुनै पनि जापानी खाद्य उत्पादनका लागि 'उत्पत्तिको प्रमाणपत्र' समेत आवश्यक नपर्ने मन्त्रालयले जनाएको छ ।

प्रतिबन्ध हटाउने निर्णय गर्नुअघि मन्त्रालयले यस विषयमा सार्वजनिक राय तथा सुझाव माग गरेको थियो । सो क्रममा सर्वसाधारण वा सरोकारवाला पक्षबाट कुनै पनि विरोध नआएको मन्त्रालयले स्पष्ट पारेको छ । ताइवानले विगत केही समयदेखि जापानी खानामाथिको कडाइलाई चरणबद्ध रूपमा खुकुलो बनाउँदै आएको थियो । यो पछिल्लो र निर्णायक कदमसँगै अब जापानमा उत्पादन तथा वितरण हुने सबै प्रकारका खाद्य वस्तुहरू ताइवानमा निर्बाध रूपमा भित्रिन पाउने भएका छन् ।












# धमाधम राजनीतिमा तानिँदै कलाकार

❑ नेस संवाददाता

काठमाडौं – नेपाली राजनीतिको रङ्गमञ्चमा यतिबेला 'सेलिब्रिटी फेस'हरूको बाक्लो उपस्थिति देखिएको छ । निर्वाचनको चहलपहलसँगै नयाँ राजनीतिक दलहरूको उदय र जनमानसमा प्रभावशाली छवि बनाएका कलाकारहरूको बढ्दो संलग्नताले कला र राजनीतिबीचको सम्बन्धलाई नयाँ परिभाषा दिइरहेको छ । यो प्रवृत्तिले एकातिर राजनीतिमा नयाँ ऊर्जा र जनसम्पर्कको आयाम थपेको छ भने अर्कोतिर कलाकारिताको मूल मर्ममाथि प्रश्नचिह्न खडा गरेको छ ।

विश्वव्यापी रूपमै कलाकारहरू मनोरञ्जनको क्षेत्रबाट राजनीतिक नेतृत्वमा पुगेका अनगिन्ती उदाहरणहरू छन् । भारतमा अमिताभ बच्चन, जयललिता, चिरञ्जीवी जस्ता दिग्गज कलाकारहरू राजनीतिमा सफल भएका छन् भने हलिउडमा रोनाल्ड रेगन, अर्नाल्ड श्वार्जनेगर जस्ता हस्तीहरूले पनि उच्च राजनीतिक पद सम्हालेका छन् । नेपालमा पनि यो क्रम लामो समयदेखि जारी छ ।

स्थापित कलाकारहरूलाई पार्टीहरूले 'पपुलर फेस'का रूपमा प्रयोग गर्दै आएका छन्, जसले गर्दा निर्वाचनमा जनमत आकर्षित गर्न सहज हुने गरेको छ । चलचित्र विकास बोर्ड र साँस्कृतिक परिषद् जस्ता सरकारी निकायमा हुने राजनीतिक नियुक्तिहरूले पनि कलाकारहरूलाई राजनीतिमा आकर्षित गर्ने महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यो आकर्षणले कलाकारहरूलाई जनतासँग सीधा जोडिन र उनीहरूको आवाजलाई नीति निर्माणको तहसम्म पुर्‍याउन सहयोग पुगेको कतिपयको भनाइ छ ।

कलाकारलाई समाजका 'स्पन्दन' मानिन्छ, जसले जनभावना, आकांक्षा र समस्यालाई कलात्मक रूपमा प्रस्तुत गर्छन् । कला निष्पक्ष हुनुपर्छ, सत्य बोल्नुपर्छ, र आवश्यक परे सत्तालाई प्रश्न गर्न सक्नुपर्छ भन्ने मान्यताका बाबजुद नेपालमा कलाकारको कलात्मक योगदानभन्दा बढी उनीहरूको व्यक्तिगत जीवन, विवाद, प्रेम–सम्बन्ध, सामाजिक सञ्जालका गतिविधि र पार्टीगत निकटता चर्चामा आउने गरेको छ । यही निजी जीवनभित्र राजनीतिका धागाहरू पनि बुनेका हुन्छन् । कसैको पारिवारिक सम्बन्ध, कसैको व्यक्तिगत निकटता, कसैको पार्टीगत समर्थन ।

# राजनीतिमा कलाकार कि कलाकारितामा राजनीति ?

❑ नेस संवाददाता

काठमाडौं – नेपालमा कलाकारको राजनीतिक प्रवेश नयाँ होइन । पछिल्ला वर्षमा अभिनय र संगीत दुवै क्षेत्रमा स्थापित धेरै नाम राजनीतिमा उभिएका छन् । गायिका कोमल वली, राप्रपादेखि एमालेसम्मको राजनीतिक यात्रामा सक्रिय छन् । नायिका रेखा थापा तत्कालीन माओवादी हुँदै यतिबेला राप्रपामा छन् । नायिका करिश्मा मानन्धर डा. बाबुराम भट्टराईको नयाँ शक्ति हुँदै केही समय एमालेमा सक्रिय रहेर अहिले राजनीतिक विश्राममा छन् । त्यस्तै, हास्य कलाकार हिमेश पन्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा सक्रिय छन् ।

युवराज लामा, राजकुमार राई, नीर शाह, रूपा राना, राधिका हमाल, रवीन्द्र खड्का, नलिना चित्रकार, धर्मेन्द्र मर्वैता, रोज राणा, मनोज पण्डित, सञ्जय श्रेष्ठ, मधुकुमार श्रेष्ठ, करण श्रेष्ठ, शिवशंकर रिजाल लगायतका कलाकार कुनै न कुनै रूपमा पार्टीमा आबद्ध भएर वा स्वतन्त्र रूपमा नेपाली राजनीतिमा देखा परे । धेरै कलाकार विभिन्न राजनीतिक दलका भ्रातृ संगठनमा आबद्ध पनि छन् । सरकारले प्रतिनिधिसभाको निर्वाचन मिति घोषणा गरेसँगै राजनीतिक वृत्तमा असाधारण चहलपहल सुरू भएको छ । 'जेनजी' आन्दोलनका कारण उत्पन्न परिस्थिति र अन्तरिम सरकारको चुनाव घोषणासँगै नयाँ–नयाँ राजनीतिक दल गठनको लहर तीव्र बनेको छ । चलचित्र, मोडलिङ, मिडिया र मनोरञ्जन क्षेत्रका धेरै कलाकार अहिले एकपछि अर्को गर्दै नवगठित दलमा प्रवेश गरिरहेका छन् ।

लेखक साहित्यकार डा. डिआर उपाध्यायका अनुसार, कलाकार राजनीति प्रवेश गर्नु गलत होइन, तर उनीहरूको मूल पहिचान कला, सिर्जना र जनभावनाको प्रतिनिधित्व कहिल्यै छायामा पर्नु हुँदैन ।

# नवप्रवेशी कलाकारहरू राजनीतिमा जम्न सक्लान् त ?

❑ नेस संवाददाता

काठमाडौं – अभिनेत्री तथा निर्मात्री निशा अधिकारी गतिशील लोकतान्त्रिक पार्टी'को केन्द्रीय सदस्य बनेकी छन् । व्यवसायी तथा बुद्ध एयरलाइन्सका मालिक वीरेन्द्रबहादुर बस्नेत, समाजशास्त्री दिनेश प्रसाईंलगायत व्यक्तिहरूको सक्रियतामा गठन भएको 'गतिशील लोकतान्त्रिक पार्टी'ले हालै मात्र निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाइसकेको छ । निशा नेपाली चलचित्र क्षेत्रकी सफल अभिनेत्री मात्र होइनन्, सामाजिक गतिविधिमा सक्रिय युवा हस्तीका रूपमा पनि परिचित छन् । कलाकार भूमिकाभित्र सीमित नभई सार्वजनिक नीति, सुशासन र सामाजिक सशक्तीकरण जस्ता विषयमा काम गर्न सक्ने चाहना रहेको उनले प्रस्ट्याइन् ।

यसैगरी कलाकार रीमा विश्वकर्मा हालसालै 'उज्यालो नेपाल पार्टी' मार्फत राजनीतिक यात्रामा उभिएकी छिन् । ऊर्जामन्त्री तथा नेपाल विद्युत् प्राधिकरणका पूर्व–प्रमुख कुलमान घिसिङको समर्थनमा स्थापित दलले रीमालाई पनि पार्टीले केन्द्रीय सदस्यमा मनोनयन गरेको छ । मिडिया तथा आमसञ्चार क्षेत्रमा लामो समय सक्रिय रही जनजीवनका मुद्दा उठाउँदै आएकी उनी अब राजनीतिक नेतृत्वमा प्रत्यक्ष सहभागिता जनाएर समस्या समाधानमा योगदान दिन चाहन्छिन् ।

अभिनेत्री एलिजा गौतम पनि नयाँ राजनीतिक दल 'जनादेश पार्टी नेपाल'सँग आबद्ध भएकी छिन् । निर्वाचन आयोगमा दर्ता भएको केही दिनमै पार्टीले उनलाई केन्द्रीय उपाध्यक्षको जिम्मेवारी दिएको छ । यसअघि उनी 'नागरिक उन्मुक्ति पार्टी'मा प्रवेश गरे पनि करिब ६ महिनामै त्यहाँबाट बाहिरिइन् । 'जतिसुकै क्षमता र स्रोत भएकाले पनि भ्रष्टाचार हटाएन भने विकास सम्भव हुँदैन । जनादेश पार्टीले यही खालको दृढ प्रतिबद्धता बोकेको छ,' उनले भनिन् ।

# राहुल र सञ्जुषा जोडीको म्युजिक भिडियो 'हाँसिदेउ न प्रिय'



❑ नेस संवाददाता

टोकियो – जापानलाई कर्मथलो बनाउँदै आएका व्यवसायी राहुल शाही ठकुरी र नायिका प्रियङ्का कार्कीद्वारा अभिनित 'हाँसिदेउ न प्रिय' म्युजिक भिडियो सार्बजनिक भएको छ । नेपालीहरूको उत्सवको पर्व दीपावलीको छेको पारेर सार्बजनिक गरिएको उक्त म्युजिक भिडियो RS Entertainment JP को आधिकारिक युट्युब च्यानलमार्फत विश्वभरका दर्शकहरूका लागि उपलब्ध छ ।

सञ्जुषा शाहीको प्रस्तुतीमा नयाँ रोम्यान्टिक गीत 'हाँसीदेऊ न प्रिय' गीतले प्रेम, संवेदना र उत्सवको भावनालाई एकसाथ जोड्दै तिहारको माहोलमा नयाँ रौनक भरेको पाईएको छ ।

गीतमा नेपाली संगीतका चर्चित गायक राजेश पायल राई र लोकप्रिय गायिका अन्नु चौधरीको सुमधुर स्वर सुन्न सकिन्छ । गीतका शब्दहरू प्रसिद्ध गीतकार बीबी थापाले लेखेका हुन् भने संगीत संयोजन बहुमुखी संगीतकार मनोज चौलागाईंले गरेका हुन् ।

भिडियोमा राहुल शाही ठकुरी र प्रियङ्का कार्कीको मनमोहक अभिनय देख्न सकिन्छ, जसले गीतको भावनालाई अझ गहिरो र हृदयस्पर्शी बनाएको छ । भिडियोको निर्देशन नितिन चन्द र नमित चन्द ठकुरीले संयुक्त रूपमा गरेका छन्, जसले कथा र प्रेमको सौन्दर्यलाई दृश्यमा जीवन्त उतारेका छन् । शाही जापानमा रहेका ठकुरीहरूको संस्था दर्शन समाज जापानका अध्यक्ष पनि हुन् । 'हाँसीदेउ न प्रिय' म्युजिक भिडियोमा शाही र नायिका कार्कीको जोडी निकै जमेको देखिन्छ ।














# अहिलेको ...

पृष्ठ १ को बाँकी

भइसकेको व्यक्तिले यस्तो गैरसंवैधानिक नियुक्ति कसरी स्वीकार गर्नुभयो, मलाई अचम्म लागेको छ । गैरकानूनी जगमा उभिएको सरकारले गरेका कामहरू पनि भोलि अदालतमा गैरकानूनी ठहरिन सक्छन् । यो सरकारसँग अहिले कुनै शक्ति छैन, संविधान निलम्बनसरहको अवस्थामा छ । त्यसैले यो कदमले देशलाई झन् विनाशतिर लैजाँदैछ ।

**राष्ट्रपतिले त 'जुक्तिले व्यवस्था बचाएँ' भन्नुभएको छ नि ?**

यो केवल व्यवस्था बचाउने र मान्छेहरूलाई अल्मल्याउने खेल मात्र हो । संविधान र कानूनको धरातल नै नभएको अवस्थामा 'जुक्ति' को कुरा गरेर हुँदैन । देशको अर्थतन्त्र र धरातल हेर्दा यो संविधान र व्यवस्था नै अब चल्न सक्ने अवस्थामा छैन ।

**तपाईंको विचारमा यो संविधान र व्यवस्थाप्रति नै प्रश्न हो ?**

हो, मैले यो संविधान जारी हुँदैखेरि (करिब ९ वर्षअघि) भनेको थिएँ कि यो संविधान हाम्रो जस्तो आर्थिक अवस्था भएको मुलुकका लागि चल्दैन । यो धेरै खर्चिलो छ र यसलाई चलाउने मान्छेहरूमा क्षमता छैन । हाम्रो जस्तो देशमा यति धेरै संरचना र खर्च धान्न सकिँदैन । त्यसैले यो संविधानलाई च्यातेर फ्याँक्दा नै देशको भलो हुन्छ । तर यहाँका कथित 'बुद्धिजीवी' हरू, जसले यो संविधान ल्याए, उनीहरूमा ' बौद्धिक भ्रष्टाचार' व्याप्त छ । उनीहरूले आफ्नो स्वार्थका लागि यो संविधानलाई ठीक भनिरहेका छन् । वास्तवमा यो संविधानले देशलाई निकास दिँदैन ।

**सुशीला कार्कीको सरकारले चुनाव गराउँछु भन्दैछ, के चुनाव नै लोकतन्त्र र निकासको बाटो होइन र ?**

नेपालजस्तो देशमा अहिलेको अवस्थामा चुनाव (इलेक्सन) ले मात्र निकास दिँदैन । चुनाव गर्ने बित्तिकै फेरि तिनै असक्षम र भ्रष्ट मान्छेहरू सत्तामा आउँछन् । हामीले यत्रो वर्ष अभ्यास गऱ्यौं, के पायौं त ? निर्वाचनबाट आउने मान्छेहरूले देश बनाउन सकेनन् । मलाई 'लोकतन्त्र' वा 'प्रजातन्त्र' भन्ने शब्दभन्दा पनि नतिजा र नेतृत्वको चिन्ता छ । हाम्रो सँस्कृति र चेतनास्तरमा अहिलेको जस्तो निर्वाचन प्रणाली काम लाग्दैन । चुनावबाट आउनेहरू देश चलाउन असक्षम सावित भइसकेका छन् ।

**त्यसो भए निकासको बाटो के त ? कस्तो प्रणाली अपनाउनुपर्छ ?**

मेरो प्रस्ताव के छ भने, हामीले 'राज्यसभा' को मोडलमा जानुपर्छ । एउटा शक्तिशाली राज्यसभा गठन गर्नुपर्छ । नेपालका विभिन्न जातजाति र समुदायको जनसंख्याको आधारमा प्रतिनिधित्व हुने गरी सक्षम, व्यवहारिक र इमानदार व्यक्तिहरूलाई छनोट गरेर राज्यसभामा ल्याउनुपर्छ । यो सभा सबैभन्दा शक्तिशाली हुनुपर्छ । तल्लो सदनका लागि मात्र चुनाव गरौं, जसले कानून बनाओस् । तर देशको शासन चलाउने, मन्त्रीहरू नियुक्त गर्ने र प्रमुख निर्णय लिने अधिकार चाहिँ राज्यसभालाई हुनुपर्छ । मन्त्री बन्नका लागि चुनाव जित्ने होइन, योग्यताको जाँच हुनुपर्छ । देश विदेशमा रहेका सक्षम नेपालीहरूबाट दरखास्त आह्वान गरेर, उनीहरूको सक्षमता, व्यवहारिकता र इमानदारिताको कडा परीक्षण गरेर मात्र मन्त्री वा सचिव जस्ता पदमा नियुक्ति गरिनुपर्छ । जाँच नलिई, योग्यता नहेरी केवल चुनाव जितेको भरमा वा पार्टीको झोला बोकेको भरमा पद दिने परिपाटी अन्त्य हुनुपर्छ ।

**अहिलेको यो तरल अवस्थामा नेपाली सेनाको भूमिकालाई कसरी देख्नुहुन्छ ?**

नेपाली सेनाले एउटा ठूलो अवसर गुमायो । देश संकटमा पर्दा सेनाले एउटा 'टेम्पररी' (अस्थायी) जिम्मेवारी लिएर सिभिलियन (नागरिक) सरकारलाई सत्ता हस्तान्तरण गर्नुपर्थ्यो । सुशीला कार्की वा कोही सक्षम व्यक्तिलाई सेनाले अघि सार्नुपर्थ्यो र निश्चित समयका लागि संकटकाल घोषणा गरेर देशलाई ट्र्याकमा ल्याउनुपर्थ्यो । तर, सेना डरायो । उनीहरूलाई 'शान्ति मिसन' मा असर पर्छ कि भन्ने डर भयो । यदि देश नै रहँदैन भने शान्ति मिसनको के अर्थ ? सेनाले संयुक्त राष्ट्रसंघ (UN) वा अन्तर्राष्ट्रिय समुदायसँग कूटनीतिक पहल गरेर 'देशको अस्तित्व बचाउन हामीले यो कदम चाल्नुपऱ्यो, यो हाम्रो बाध्यता हो' भनेर बुझाउन सक्नुपर्थ्यो ।

**के अब सेनाले फेरि मौका पाउला त ?**

मेरो विचारमा अहिलेको यो 'गोलमाल' अवस्थामा चुनाव हुन सक्दैन वा भए पनि त्यसले निकास दिँदैन । देश फेरि ठूलो संकटमा फस्दैछ । यस्तो अवस्थामा नेपाली सेनाले 'दोस्रो मौका' पाउन सक्छ । त्यो बेला सेनाले पुरानो गल्ती दोहोऱ्याउनु हुँदैन । सेनाले सत्ता कब्जा गर्ने होइन, तर देशलाई विघटन हुनबाट बचाउन एकपटक हस्तक्षेप गरेर सक्षम नागरिक सरकारको जिम्मा लगाउने वातावरण बनाउनुपर्छ ।

**नेपालमा भारत, चीन र अमेरिकाको चासो र चलखेललाई कसरी हेर्नुहुन्छ ?**

विदेशीको चासो हुनु स्वाभाविक हो । अमेरिकाको चीनलाई रोक्ने नीति छ । भारतलाई आफ्नो सुरक्षा र खुला सिमानाको चिन्ता छ । चीनलाई आफ्नो भूमि (तिब्बत) विरूद्ध नेपाल प्रयोग नहोस् भन्ने चासो छ । तर मुख्य समस्या हामीमा छ । हामी आफै असक्षम भयौं । हामीले आफ्नो घर राम्रोसँग चलाउन सकेनौं भने छिमेकीले त चलखेल गर्छन् नै । हाम्रो नेतृत्वले आफ्नो असक्षमता लुकाउन कहिले भारतले गर्न दिएन, कहिले चीनले यसो भन्यो भनेर दोष दिने गरेका छन् । यदि हामी सक्षम हुने हो भने र हाम्रो कूटनीति बलियो बनाउने हो भने उनीहरूलाई विश्वासमा लिन सकिन्छ । तर विडम्बना, हामीसँग देश चलाउने भिजन र क्षमता नै भएन । हामी केवल 'भतार' सिर्जना गरेर बस्यौं, जहाँ विदेशी खेलाडीहरूलाई खेल्न सजिलो भयो ।

**'जेनजी'को आन्दोलन र त्यसले ल्याएको भनिएको परिवर्तनलाई कसरी लिनुहुन्छ ?**

सुरुमा केही निर्दोष युवाहरू सडकमा आएका थिए, तर पछिल्लो समयमा त्यो आन्दोलन 'हाइज्याक' भयो । जसरी २०४६ वा २०६२/६३ को आन्दोलनपछि पनि उही पुराना पात्र र प्रवृत्ति हावी भए, अहिले पनि त्यस्तै देखिँदैछ । 'जेनजी' सँग जोस छ तर उनीहरूसँग शक्ति, स्रोत र स्पष्ट मार्गचित्र छैन । सिंहदरबार वा संसद् जलाउनु भनेको भ्रष्टाचारको प्रतीक जलाइएको रूपमा बुझ्न सकिन्छ, तर यसले मात्र निकास दिँदैन । बिना स्पष्ट नेतृत्व र योजनाको आन्दोलनले देशलाई झन् अराजकतातिर धकेल्छ ।

**अन्त्यमा, अबको बाटो कता जाला ?**

अहिलेको अवस्थामा देशले बाटो बिराएको जहाजजस्तै दिशाहीन यात्रा गरिरहेको छ । यो संविधान र अहिलेको नेतृत्वबाट देशले निकास पाउने सम्भावना म देख्दिनँ । कि त हामीले यो संविधानलाई निलम्बन गरेर वा च्यातेर नयाँ सिराबाट मैले भनेजस्तो राज्यसभाको मोडलमा जानुपर्छ, कि त देश असफल राष्ट्रको रूपमा पतन हुन्छ । मलाई डर छ, कतै हामी युक्रेनजस्तो बन्ने त होइनौं ? त्यसैले बेलैमा बुद्धि पुऱ्याएर सक्षम, व्यवहारिक र इमानदार नेतृत्व चयन गर्ने प्रणाली स्थापित गर्नुपर्छ । नत्र देश हराउन सक्छ ।

# भिसा नीतिमा ...

पृष्ठ १ को बाँकी

जेनतेन गरी ५० लाख येन चालु पूजी देखाएर कम्पनी स्थापना गर्ने र बिजनेशन भिसा एप्लाई गर्ने गरेकोमा अब उप्रान्त चालुपूँजी बढेर ३ करोड पुगेपछि बिजनेश भिसाप्रतिको आकर्षण बिस्तारै ओह्रालो लाग्न सक्ने प्रक्षेपण गर्न सकिन्छ ।

यसैगरी जापान सरकरले विदेशीहरूको सामाजिक सुरक्षा र नागरिक व्यवस्थामा पनि कडाई गर्न थालेको छ । नयाँ सरकारले विदेशी नागरिक सम्बन्धी नीति पुनरावलोकन गर्न मन्त्रालय स्तरमा निर्देशन दिईसकेको छ । यदि कुनै विदेशीले सार्वजनिक स्वास्थ्य बीमा वा पेन्सन शुल्क तिर्न असफल भए निजको भिसा नविकरण वा भिसा परिवर्तनका लागि गरिने अनुरोध अस्वीकृत गर्न सकिने गरी सरकारले कडा कदम चाल्ने भएको छ ।

यसैगरी जापान सरकारले हालै गरेको घोषणाअनुसार भिसा नवीकरण र भिसा परिवर्तनको राजस्व शुल्क पनि बृद्धि गर्ने भएको छ । जसअनुसार नविकरण गर्दा ३० हजार येनदेखि ४० हजार येनसम्म र एइज्यु आवेदन गर्दा १ लाख येनदेखि माथि पुऱ्याईने बताईएको छ । परिवर्तित उक्त शुल्क कहिलेदेखि लागू हुने भन्ने बारेमा भने यकिन गरिएको छैन । क्याबिनेटबाट कानून वा विधेयक बनाएर मात्र लागू हुने भएकोले केही समय लाग्न सक्ने संभावना देखिन्छ । संभवत यो नियम आर्थिक वर्ष २०२७ देखि लागू हुनसक्ने जानकारहरू बताउँछन् ।

पछिल्ला समयमा विदेशीहरूप्रति जापानीहरूको नकारात्मक भावना बढिरहेको बेला भिसा नीतिमा एक पछि अर्को कडाई गरिनुले अब बिदेशीहरूले पनि सोच्नुपर्ने बेला आएको बताईन्छ । जापानको श्रमबजारमा जनशक्ति अभावलाई परिपूर्ती गर्न भित्रिएका विदेशीहरूलाई उचित व्यवस्थापन गर्न र अबउप्रान्त भित्रिने विदेशीहरूको गुणस्तर नियन्त्रण गर्न जापानले भिसा नीतिमा कडाई गर्दै गएको बुझिएको छ ।

अर्कोतिर तोकिएको क्षेत्र र मापदण्डभन्दा बाहिर गैरकानूनीरूपमा काम गर्ने विदेशी श्रमिकहरूप्रति पनि जापान इमिग्रेशनले कठोर नीति अपनाउँदै भिसा खारेज गरी देश निकाला गर्ने क्रम बढिरहेको छ । तसर्थ जापानको नियम कानून अनुसार तोकिएको मापदण्ड र सीमाक्षेत्रभित्र रहेर कार्य गर्न आ-आफ्ना सम्पर्कमा रहेका सबैलाई सजग र सचेत गराउन सरोकारवला जापानी अधिकारीहरूले अपिल गरेका छन् । भिसाभन्दा असम्बन्धित ठाउँमा काम गरेको भन्दै पछिल्ला समयमा ठूलो संख्याका नेपालीहरू पनि डिपोर्ट भईरहेको समाचारहरू बाक्लिन थालेका छन् ।







नेपाली समाचार
२०८२ मंसिर ०१-१५, November 16-30, 2025

# टोकियोमा 'दीप श्रेष्ठ एकल साँझ' हुने




**❑ नेस डेस्क**

टोकियो – नेपाली साँगीतिक आकाशका एक महान गायक दीप श्रेष्ठको टोकियोमा एकल साँझ हुने भएको छ ।

'नमस्ते ब्याण्ड' जापानको आयोजनामा हुन गईरहेको 'दीप श्रेष्ठ' एकल साँझ आउँदो डिसेम्बर १४ तारिख आइतबार साँझ मेगुरो कुमिन सेन्टरमा हुने उक्त ब्याण्डका प्रमुख ईश्वर गुरूङले जानकारी दिए ।

नेपाली राजदूतावास जापान, एनआरएनए जापान, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज जापान, राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल जापान शाखा, नेपाली ब्यवसायी संघ जापान, डेष्टिनी क्रियशन लगायतका संघसंस्था र निकायहरूको सहकार्यमा हुन लागेको एकल साँझमा गायिका दृष्टि श्रेष्ठले साथ दिने भएकीछिन् भने वाद्यवादनमा अम्बर गुरूङ, बिक्रम कार्की लगायतको सहकार्य रहने बताईएको छ । यसैगरी होष्टको भूमिकामा भ्वाइस अफ नेपालका सुशिल नेपाल रहने जनाईएको छ ।

एनआरएनए जापानको प्रस्तावित 'एकिकृत नेपाली घर: बहुसाँस्कृतिक केन्द्र' निर्माणका लागि सहयोग जुटाउने उद्देश्यले आयोजित एकल साँझ च्यारिटी शो सम्पन्न गर्न रोबिन शेरचन, महेश श्रेष्ठ, टिका श्रेष्ठ, निर्मल शर्मा लगायतका जापानका स्थापित ब्यवसायीहरूले प्रायोजन गरेका छन् । 'दीप श्रेष्ठ एकल साँझ' को प्रवेश शुल्क प्रतिब्यक्ति ३ हजार येन र अति विशिष्ट टिकट भने सहयोग स्वरूप १० हजार येन तोकिएको छ ।

'नेपालका एक ख्यातिप्राप्त वरिष्ठ गायकको एकल साँझ कार्यक्रममा उपस्थित भएर लक्षित पवित्र कार्यमा साथ, सहयोग र सहकार्य गर्नुहुन जापानबासी नेपालीहरूमा विशेष अपिल गर्दछौं' – आयोजकका तर्फबाट नमस्ते ब्याण्डका प्रमुख गुरूङले भने ।

पूर्वी नेपालको धरानमा जन्मिएका गायक श्रेष्ठ १४ वर्षकै उमेरमा 'म पत्थरको देउता हैन' रचना गरेका थिए । ब्यवसायिकरूपमा उनको साँगीतिक यात्रा भने सन् १९६० बाट सुरू भएको हो । उनका दर्जनौ कालजयी गीत नेपालीहरूको जनजिब्रोमा झुण्डिएको पाईन्छ । उनका गीतमा प्रेम, विरह, स्मृति, जीवन, अनुभव, माया र सामाजिक भावना यथेष्ट पाईन्छ । गीतमा उनको असाधारण प्रतिभा भेटिन्छ, उनको स्वर, लय र सुन्दर गायन शैलीले उनलाई नेपाली संगीतका स्तम्भका रूपमा स्थापित गरेको छ । उनले 'बितेका कुराहरू', 'झस्किएको छ मन मेरो', 'म त दुरदेखि आएँ, खोला बग्छ, बगर बग्छ', 'तिमीलाई देखेपछि', 'एकान्तमा म निस्सासिएर', 'सम्झिनलाई एकैचोटी', 'म प्रेममा छु', 'कति रात बिताए' जस्ता थुप्रै कालजयी गीतहरू गाएका छन् । दीप श्रेष्ठ विनम्र, जीवनप्रति सकारात्मक र कला-साहित्यप्रति सम्मानजनक दृष्टि राख्ने सादा जीवन उच्च विचारका धरोहर गायक हुन् । उनले संगीतलाई 'मनको भाषा' भनेर ब्याख्या गर्दछन् । संगीतमा शैली, वौद्धिकता, भावनाको सन्तुलन मिलाउन माहिर उनी नेपालको दुर्लभ गायक मानिन्छन् ।

दीप श्रेष्ठ केवल एक गायक मात्र नभई नयाँ पुस्तालाई डोऱ्याउने गुरू पनि हुन् । उनको सौम्य ब्यवहार, संगीतप्रतिको गहिरो ज्ञान र प्रतिभालाई चिन्न सक्ने क्षमता भएका विलक्षण प्रतिभाशाली गायक हुन् । उनले नेपाली संगीतका नयाँ र पुराना पुस्ताबीच पुलको भूमिका पनि निर्वाह गर्दै आईरहेका छन् ।

दीप श्रेष्ठका गीतहरू नेपालमा मात्रै नभएर विश्वभरि रहेका नेपाली समुदायबीच पनि उत्तिकै लोकप्रिय छन् । उनले जापान, बेलायत, अमेरिका, अष्ट्रेलिया, भारत, हङकङ, लगायतका दर्जनौ मुलुकमा पुगेर आफ्नो साँगीतिक प्रस्तुती दिईसकेका छन् । विदेशमा बस्ने नेपालीहरूले उनलाई 'भावनाको आवाज' भनेर सम्मान गर्ने गर्दछन् । यसअघि सन् २००३ मा 'दीप श्रेष्ठ एकल साँझ' मेगुरो कुमिन सेन्टरमा भएको थियो । २२ वर्षपछि जापानमा फेरि उनको दोस्रोचोटी 'एकल साँझ' हुन लागेको हो ।




GMT International
Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka